सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक




♦ वर्ष १० ♦ अंक १ ♦ २०८३ साल असोज १२ सोमवार ♦ 28 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## प्रकाशकीय

### यात्राको नवौँ वर्ष, सम्भावनाको दशौँ वर्ष

प्रिय पाठकवर्ग, शुभेच्छुक, विज्ञापनदाता, सहयोगी तथा सम्पूर्ण सञ्चारकर्मी मित्रहरू !

सत्य, तथ्य र जनसरोकारका विषयलाई आफ्नो मूल आधार बनाउँदै प्रकाशन प्रारम्भ गरेको खबर दर्पण राष्ट्रिय दैनिक आज नौ वर्षको प्रकाशन यात्रा पूरा गरी सफलताको दशौँ वर्षमा प्रवेश गरेको छ। यो केवल एउटा पत्रिकाले अर्को वर्ष पूरा गरेको अवसर मात्र होइन, हाम्रो पत्रकारिता यात्रामा जोडिनुभएका हजारौँ पाठक, शुभेच्छुक, विज्ञापनदाता, समाचारदाता, पत्रकार तथा सहयोगी हातहरूप्रति आभार व्यक्त गर्ने महत्वपूर्ण अवसर पनि हो।

नौ वर्षअघि हामीले यात्रा सुरु गर्दा चुनौती कम थिएनन्। मोफसलबाट राष्ट्रिय दैनिक प्रकाशन गर्नु आफैँमा चुनौतीपूर्ण काम थियो। सीमित स्रोतसाधन, प्रविधिको तीव्र परिवर्तन, पाठकको बदलिँदो रुचि, डिजिटल सञ्चारमाध्यमको विस्तार र पत्रकारितामाथि बढ्दै गएको व्यावसायिक तथा सामाजिक दबावका बीच हामीले आफ्नो यात्रालाई निरन्तरता दिँदै आएका छौँ। यी चुनौतीका बीच पनि खबर दर्पण आफ्ना पाठकप्रतिको जिम्मेवारीबाट विचलित भएको छैन।

हाम्रो यात्राको सबैभन्दा ठूलो शक्ति पाठकको विश्वास हो। बर्दिबासबाट प्रकाशित भए पनि खबर दर्पणले महोत्तरी मात्र होइन, मधेश प्रदेशका सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र विकासका सवाललाई प्राथमिकताका साथ उठाउँदै आएको छ। गाउँका सामान्य नागरिकदेखि नीति निर्माण तहसम्मका आवाजलाई समाचारको मूलधारमा ल्याउने हाम्रो प्रयास निरन्तर छ।

पत्रकारिताको मूल धर्म जनतालाई सही सूचना दिनु हो। त्यसैले हामीले समाचारलाई केवल घटनाको विवरणका रूपमा नभई त्यसको प्रभाव, कारण र समाधानको खोजी गर्ने माध्यमका रूपमा विकास गर्ने प्रयास गरेका छौँ। जनताका समस्या, सार्वजनिक सेवा प्रवाहमा देखिएका कमजोरी, विकास निर्माणका सवाल, शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, महिला तथा बालबालिका, दलित, सीमान्तकृत समुदाय र सामाजिक न्यायका विषयलाई निरन्तर प्राथमिकतामा राख्दै आएका छौँ।

समयसँगै पत्रकारिताको स्वरूप पनि बदलिएको छ। हिजो पत्रिकाको पानामा सीमित सूचना आज क्षणभरमै मोबाइलको स्क्रिनमा पुग्छ। सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्मले सूचनाको पहुँचलाई सहज बनाएका छन् तर त्यहीसँगै गलत सूचना, अपुष्ट समाचार र भ्रमपूर्ण सामग्रीको चुनौती पनि बढेको छ। यस्तो अवस्थामा जिम्मेवार पत्रकारिताको आवश्यकता झन् बढेको हाम्रो बुझाइ छ।

त्यसैले आगामी दिनमा खबर दर्पणले छिटो समाचार दिने प्रतिस्पर्धाभन्दा पनि विश्वसनीय समाचार दिने जिम्मेवारीलाई प्राथमिकतामा राख्नेछ। समाचारको सत्यापन, स्रोतको विश्वसनीयता, तथ्यमा आधारित विश्लेषण र जनउत्तरदायी पत्रकारितालाई अझ बलियो बनाउने हाम्रो प्रतिबद्धता रहनेछ।

हामीलाई थाहा छ–पत्रकारिता आलोचनाबाट अलग रहन सक्दैन। हाम्रो काम सत्ता, सरकार, राजनीतिक दल वा कुनै पनि सार्वजनिक संस्थाको पक्ष वा विपक्षमा उभिनु होइन; जनताको सूचनाको अधिकारको पक्षमा उभिनु हो। जहाँ प्रश्न आवश्यक हुन्छ, त्यहाँ प्रश्न उठाउने र जहाँ सकारात्मक प्रयास भएका छन्, त्यहाँ त्यसलाई समाजसामु ल्याउने पत्रकारिताको अभ्यासलाई हामी अझ सशक्त बनाउनेछौँ।

दशौँ वर्षमा प्रवेश गर्दै गर्दा हामीले विगतका उपलब्धिसँगै आफ्ना कमजोरीलाई पनि आत्मसमीक्षा गर्न आवश्यक ठानेका छौँ। पाठकका सुझाव, आलोचना र प्रतिक्रियालाई हामीले सधैँ सुधारको आधारका रूपमा लिएका छौँ। आगामी दिनमा पत्रकारिताको व्यावसायिकता, भाषिक शुद्धता, प्रस्तुति, खोजमूलक सामग्री र डिजिटल पहुँचलाई अझ प्रभावकारी बनाउने हाम्रो प्रयास हुनेछ।

खबर दर्पणको नौ वर्षको यात्रा हाम्रो मात्र यात्रा होइन। यो बर्दिबास र महोत्तरीका पाठकको यात्रा हो। यो मधेशका नागरिकको आवाजको यात्रा हो। समाचार संकलनका क्रममा जोखिम मोलेर गाउँ-गाउँ पुग्ने पत्रकार र समाचारदाताको यात्रा हो। पत्रिकालाई विश्वास गरेर साथ दिने विज्ञापनदाता तथा शुभेच्छुकको यात्रा हो। अनि हरेक बिहान खबर दर्पणका पाना पल्टाएर आफ्ना वरपरका घटना र समाजको अवस्थाबारे जानकारी लिने पाठकको यात्रा हो।

यस अवसरमा विगत नौ वर्षमा हामीलाई साथ, सहयोग, सुझाव र विश्वास दिनुहुने सम्पूर्ण पाठक, लेखक, पत्रकार, समाचारदाता, विज्ञापनदाता, वितरक, शुभेच्छुक तथा सरोकारवाला सबैप्रति हार्दिक आभार व्यक्त गर्दछौँ।

अबको यात्रा अझ चुनौतीपूर्ण हुनेछ। तर चुनौतीसँगै सम्भावना पनि उत्तिकै छन्। प्रविधिको परिवर्तनलाई आत्मसात् गर्दै छापा र डिजिटल दुवै माध्यमबाट विश्वसनीय, जिम्मेवार र जनउत्तरदायी पत्रकारितालाई नयाँ उचाइमा पुर्‍याउने हाम्रो संकल्प छ।

नौ वर्ष पूरा भएको यस अवसरमा हामी विगतप्रति गर्व गर्दै भविष्यप्रति अझ जिम्मेवार बन्न चाहन्छौँ। दशौँ वर्षलाई केवल वार्षिकोत्सवको वर्ष होइन, पत्रकारिताको गुणस्तर, विश्वसनीयता र प्रभाव विस्तार गर्ने वर्षका रूपमा स्थापित गर्ने हाम्रो प्रतिबद्धता छ।

खबर दर्पणलाई विश्वास गर्नुहुने सम्पूर्ण पाठक नै हाम्रो शक्ति हुनुहुन्छ। तपाईंहरूको विश्वासलाई अझ मजबुत बनाउँदै आगामी दिनमा पनि सत्य, तथ्य र जनताको आवाजको पक्षमा निरन्तर उभिइरहनेछौँ।

नौ वर्षको साथका लागि धन्यवाद।

दशौँ वर्षको यात्रामा पनि यही साथ र विश्वासको अपेक्षा गर्दछौँ।

**अजयकुमार साह**

– प्रकाशक/सम्पादक

**खबर दर्पण राष्ट्रिय दैनिक**

# धनुषामा पहिरोले घर पुरिँदा एक महिलाको मृत्यु, चार जनाको उद्धार



**खबर दर्पण समाचारदाता**

**असोज ११ गते, बर्दिवास**

अविरल वर्षाका कारण धनुषाको मिथिला नगरपालिका-११ आँपगाछीमा पहिरो खस्दा घर पुरिएर एक महिलाको मृत्यु भएको छ ।

पहिरोमा परी स्थानीय राजन श्रेष्ठको एकतले टालीको छानो भएको घर पुरिएको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार आइतबार बिहान करिब ९:१० बजे घर पहिरोले पुरिएको सूचना प्राप्त भएपछि इलाका प्रहरी कार्यालय ढल्केवर तथा मातहत र इलाका प्रहरी कार्यालय भिमान, सिन्धुलीबाट संयुक्त प्रहरी टोली घटनास्थलमा खटिएको थियो ।

प्रहरी टोलीले घरमा रहेका पाँच जनामध्ये चार जनालाई सकुशल उद्धार गरेको थियो ।

उद्धारका क्रममा राजन श्रेष्ठकी श्रीमती करिब ३५ वर्षीया कमला श्रेष्ठलाई भने बिहान ११ बजे मृत अवस्थामा निकालिएको प्रहरीले जनाएको छ ।

मृतक श्रेष्ठको शव परीक्षणका लागि सरकारी अस्पताल बर्दिबास महोत्तरी पठाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले अविरल वर्षाका कारण पहाडी तथा नदी आसपासका क्षेत्रमा जोखिम बढेकाले स्थानीयलाई उच्च सतर्कता अपनाउन आग्रह गरेका छन् ।

उनका अनुसार घटनाबारे थप आवश्यक अनुसन्धान तथा उद्धार सम्बन्धी कार्य भइरहेको छ ।

# वर्षाले महोत्तरीमा धान-उखु ढल्यो, किसान चिन्तित





**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**असोज ११ गते, महोत्तरी**

महोत्तरीको उत्तरी क्षेत्रमा लगातारको वर्षा र हावाहुरीले काट्न ठिक्क परेको धानबाली खेतमै ढलाएपछि किसान ठूलो क्षतिको मारमा परेका छन्। पाकेको धान खेतमै लडेपछि पानीमा डुबेको छ भने अधिकांश खेत जलमग्न हुँदा धान कुहिने जोखिमसमेत बढेको छ।

वर्षभरि खान र आम्दानीका लागि उत्पादन गरेको बाली भित्र्याउने बेलामै क्षति भएपछि किसान चिन्तित बनेका हुन्। सिँचाइ सुविधा भएका कारण असारमै धान रोपेका किसान अहिले बाली काटेर भित्र्याउने तयारीमा थिए। मौसम पूर्वानुमानअनुसार वर्षा रोकिएपछि धान काट्ने तयारीमा रहेका किसानलाई हावाहुरीसहितको निरन्तर वर्षाले थप समस्या पारेको हो।

औरही, गौशाला र भङ्गहा नगर पालिकाका अधिकांश क्षेत्रमा धान पाकेर खेत पहेँलपुर भएका बेला आएको वर्षा र हावाहुरीले बालीमा क्षति पुर्‍याएको किसानले बताएका छन्। खेतमा पानी जमेकाले काट्न बाँकी धान ढलेर पानीमा डुबेको छ। समयमै पानी नघटेमा धान कुहिएर उत्पादनमा थप कमी आउने उनीहरूको चिन्ता छ।

*बाँकी पृष्ठ ३ मा*

# पछिल्लो २४ घण्टामा देशभर बाढी पहिरोमा मृत्यु हुनेको संख्या १२ पुग्यो,७ जना बेपत्ता

**खबर दर्पण समाचारदाता**
**असोज ११ गते, बर्दिवास**

लगातारको अविरल वर्षासँगै आएको बाढी र पहिरोका कारण देशभर १२ जनाको मृत्यु भएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार पछिल्लो २४ घण्टामा मात्रै थप ६ जनाको मृत्यु भएको हो ।

प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार असोज ७ गतेदेखि हालसम्म बाढी, पहिरो र अविरल वर्षाका कारण मृत्यु हुनेको संख्या १२ पुगेको हो । यस अवधिमा ७ जना सम्पर्कविहीन छन् ।

महतका अनुसार पाल्पामा एक जना तथा पछिल्लो २४ घण्टामा बागलुङमा चार र म्याग्दीमा दुई जना बेपत्ता भएका छन् । सम्पर्कविहीन भएकाहरूको खोजी तथा उद्धार कार्य जारी रहेको उनले बताइन् ।

'असोज ७ गतेदेखि वर्षा हुन थालेको हो । हिजोसम्म ६ जनाको मृत्यु भएकोमा पछिल्लो २४ घण्टामा थप ६ जनाको मृत्यु भएको छ। हालसम्म बाढी, पहिरो र अविरल वर्षाका कारण १२ जनाको मृत्यु भएको देखिन्छ,' उनले भनिन् ।

सम्भावित जोखिमबारे मौसम पूर्वानुमान महाशाखाले दिएको सूचनाका आधारमा प्राधिकरणले पूर्वतयारी तथा उद्धारको काम अघि बढाएको महतले बताइन् । जोखिमका आधारमा रेड, एम्बर र येलो अलर्ट भएका क्षेत्र पहिचान गरी स्थानीय प्रशासन, सुरक्षा निकाय तथा स्थानीय तहलाई पूर्वतयारी र उद्धारका लागि परिचालन गरिएको उनले जानकारी दिइन् ।

प्राधिकरणले ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, स्थानीय तहका प्रमुख तथा विपद् प्रतिकार्यमा खटिने अन्य निकायसँग निरन्तर सूचना आदान-प्रदान गरिरहेको जनाएको छ । ह्वाट्सएप, भाइबरलगायत डिजिटल माध्यमबाट नदी बेसिन, वर्षाको अवस्था तथा प्रभावित क्षेत्र बारे नियमित जानकारी संकलन र सम्प्रेषण भइरहेको महतले बताइन् ।

प्राधिकरणले गण्डकी र लुम्बिनी प्रदेशका केही क्षेत्रलाई बढी जोखिमयुक्त क्षेत्रका रूपमा पहिचान गरेको थियो । कालीगण्डकी र नारायणी नदी बेसिनका विभिन्न स्थानमा अति भारी वर्षा भएपछि नदीको बहाव बढ्नुका साथै कटानसमेत भएको महतले बताइन् ।

'हामीले सुरुदेखि नै गण्डकी र लुम्बिनी प्रदेशका केही क्षेत्रलाई बढी जोखिममा रहेको भनेर पहिचान गरेका थियौं । अहिले वास्तविक अवस्था पनि त्यहीअनुसार देखिएको छ,' उनले भनिन् ।

नवलपुर, चितवन, पाल्पा, पर्वतलगायत जिल्लामा बाढी, कटान र पहिरोको प्रभाव देखिएको प्राधिकरणले जनाएको छ । पर्वतमा केही घर बाढीले बगाएको भए पनि जोखिमयुक्त बस्तीका बासिन्दालाई समयमै सुरक्षित स्थानमा सारिएकाले मानवीय क्षति हुन नपाएको महतले बताइन् ।



नवलपरासीमा १ हजार १ सयभन्दा बढी स्थानान्तरण

नवलपरासी क्षेत्रमा १ हजार १ सयभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको प्राधिकरणले जनाएको छ । जोखिमको पूर्वानुमान गरेर नागरिकलाई समयमै सुरक्षित स्थानमा सारिएको महतले बताइन् ।

'नवलपरासी र आसपासका क्षेत्रमा १ हजार १ सयभन्दा बढी बासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिसकिएको थियो । जोखिमको पूर्वानुमान गरेर पहिले नै नागरिकलाई सुरक्षित स्थानमा सारिएका धेरै ठाउँ छन्,' उनले भनिन् । बाढी तथा पहिरो प्रभावित क्षेत्रमा उद्धार कार्य जारी रहेको छ । म्याग्दीमा उद्धारका लागि दुईवटा हेलिकोप्टर परिचालन गरिएको महतले जानकारी दिइन्। उद्धारपछि सुरक्षित स्थानमा राखिएका नागरिकका लागि खाना तथा अन्य आवश्यक सामग्री स्थानीय तह, जिल्ला प्रशासन कार्यालय र प्रदेश सरकारसँगको समन्वयमा व्यवस्थापन भइरहेको छ । स्थानीय तथा प्रदेशस्तरका गोदामसँगै प्राधिकरणको केन्द्रीय गोदाम र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित गोदामबाट आवश्यकताअनुसार राहत सामग्री पठाइएको प्राधिकरणले जनाएको छ ।

महतका अनुसार तत्कालको विपद् जोखिम भने अझै टरेको छैन। आइतबार रातिसम्म केही क्षेत्रमा वर्षा जारी रहन सक्ने भएकाले नदीको बहाव थप बढ्ने तथा बाढी र पहिरोको जोखिम कायमै रहेको उनले बताइन् ।

विशेषगरी हिमाली क्षेत्रमा भारी वर्षासँगै हिमपातको सम्भावना देखिएपछि पर्यटक तथा ट्रेकर्सलाई लक्षित गरी छुट्टै सूचना जारी गरिएको प्राधिकरणले जनाएको छ। हालसम्म ९ हजारभन्दा बढी पर्यटकलाई सुरक्षित स्थानमा झारिएको महतले बताइन् ।

विदेशी पर्यटक तथा यात्रुलाई समेत मौसम र जोखिमबारे जानकारी गराउन प्राधिकरणले अंग्रेजी भाषामा एडभाइजरी जारी गरेको जनाएको छ ।

## लागु औषध ब्राउन सुगर सहित एक युवक पक्राउ

**खबर दर्पण समाचारदाता**
**असोज ११ गते, बर्दिवास**

धनुषाको विदेह नगरपालिका-८ बफै डिहबाट प्रहरीले ब्राउन सुगरजस्तो देखिने करिब २० दशमलव ३४ ग्राम लागुऔषधसहित अजय मण्डललाई पक्राउ गरेको छ । लागुऔषध किनबेच भइरहेको सूचनाका आधारमा पुगेको प्रहरी टोलीले मण्डललाई नियन्त्रणमा लिने क्रममा तनाव भएपछि अवस्था नियन्त्रणमा लिन एक राउण्ड हवाईफायर गरेको जनाएको छ ।

घटनामा एक प्रहरी घाइते भएका छन् ।

पक्राउ परेका मण्डलमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिबास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# वर्षाले महोत्तरीमा ....

औरही नगरपालिका-२ का किसान दिनेश यादवका अनुसार धान भित्र्याउने तयारी भइरहेका बेला हावाहुरी र वर्षाले बाली ढलेपछि यस वर्षको उत्पादनमा ठूलो असर पर्ने देखिएको छ। "वर्षभरि गरेको मेहनत र लगानी उठाउने बेला बाली नै खेतमा ढलेको छ," उहाँले भन्नुभयो, "धान काटेर घर भित्र्याउन नपाउँदै पानीमा डुबेपछि परिवारको खाद्यान्न व्यवस्थामै समस्या पर्ने चिन्ता छ।"

किसानका अनुसार महोत्तरीको उत्तरी क्षेत्रमा धानबालीमा वर्षेनी यस्तै समस्या दोहोरिँदै आएको छ। कहिले काटेर सुकाउन राखेको धान वर्षाले भिजाउने, कहिले हावाहुरीले ढलाउने र कहिले खेतमा पानी जमेर बाली नष्ट हुने गरेको उनीहरूको गुनासो छ।

किसानले तत्काल क्षतिको विवरण सङ्कलन गरी राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न माग गरेका छन्। उनीहरूले हरेक वर्ष दोहोरिने डुबानको समस्या समाधानका लागि दीर्घकालीन योजना बनाउन तथा कृषि बीमालाई प्रभावकारी बनाउनसमेत माग गरेका छन्।

## उखुमा पनि दोहोरो क्षति

धानसँगै महोत्तरीमा उखु खेतीमा समेत हावाहुरी र वर्षाले क्षति पुर्‍याएको छ। माघ-फागुनमा लगानी गरेर रोपिएको उखु साउनमा आएको हावाहुरीले ढलेपछि किसानले थप श्रम र खर्च गरेर उठाई बाँधेका थिए। तर असोज ८ देखि ११ गतेसम्मको हावाहुरी र वर्षाले बाँधेर राखिएको उखुसमेत पुनः खेतमै ढलाइदिएपछि किसानमाथि थप आर्थिक भार परेको छ।

औरही नगरपालिका-२ का किसान दिनेश यादवले उखु पटक-पटक ढल्दा उत्पादन लागतसमेत बढ्दै गएको बताउनुभयो। "पहिले साउनको हावाहुरीले उखु ढल्यो। त्यसपछि मजदुर लगाएर उठाएर बाँधियो," उहाँले भन्नुभयो, "अहिले फेरि हावाहुरी र वर्षाले ढालेपछि एउटै बालीमा दोहोरो खर्च र क्षति व्यहोर्नुपरेको छ।"

सोही ठाउँका किसान घनश्याम यादवले धान र उखु दुवै बालीमा क्षति पुगेपछि किसान आर्थिक समस्यामा पर्ने अवस्था आएको बताउनुभयो। वर्षभरि खान र आम्दानीका लागि गरेको मेहनत बाली भित्र्याउने समयमा नष्ट भएपछि किसानको लगानी जोखिममा परेको उहाँले बताउनुभयो।

"किसानको वास्तविक क्षति तत्काल मूल्याङ्कन हुनुपर्छ," उहाँले भन्नुभयो, "क्षतिको विवरण सङ्कलन गरेर राहत दिनुका साथै कृषि बीमामार्फत क्षतिपूर्ति पाउने व्यवस्था मिलाउनुपर्छ।"

सम्बन्धित पालिकाले वर्षा र हावाहुरीका कारण धान तथा अन्य बालीमा भएको क्षतिको विवरण सङ्कलन गर्ने तयारी गरेका छन्। प्रभावित किसानको वास्तविक क्षतिको विवरण सङ्कलनपछि उपलब्ध स्रोत र साधनअनुसार राहत तथा अन्य सहयोगका लागि पहल गरिने पालिका प्रतिनिधिहरूले बताएका छन्।

तर किसानले भने तत्कालीन राहतसँगै हरेक वर्ष दोहोरिने डुबान, निकासको समस्या र बाली क्षतिको स्थायी समाधान खोज्नुपर्ने माग गरेका छन्। उनीहरूका अनुसार बाली भित्र्याउने बेलामा हुने प्राकृतिक विपत्तिले उत्पादन मात्रै घटाएको छैन, कृषि पेशामै निर्भर परिवारको वर्षभरको खाद्य सुरक्षा र आम्दानीसमेत जोखिममा पार्दै आएको छ।

# माओवादी केन्द्र परित्याग गर्दै रामबाबु चौधरीले भने-'अब स्वतन्त्र जीवन बिताउँछु'

खबर दर्पण समाचारदाता

**असाज ११ गते, बर्दिवास**

महोत्तरीको औरही नगरपालिका-१,औरही निवासी रामबाबु चौधरीले नेकपा (माओवादी केन्द्र) सँगको करिब तीन दशक लामो राजनीतिक सम्बन्ध अन्त्य गर्दै पार्टी परित्याग गर्नुभएको छ।

माओवादी केन्द्र मधेश प्रदेश कमिटी सदस्यसमेत रहनुभएका चौधरीले आइतबार बिहान सामाजिक सञ्जालमार्फत पार्टीको साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएको घोषणा गर्नुभएको हो।

पार्टी परित्यागको घोषणा गर्दै चौधरीले पार्टी नेतृत्वको कार्यशैली तथा मधेश प्रदेशमा बढ्दै गएको गुट-उपगुटप्रति असन्तुष्टि व्यक्त गर्नुभएको छ। पार्टीभित्र देखिएका समस्या र गुटबन्दी अन्त्यका लागि आफूले पटक-पटक नेतृत्वसँग भेटेर ध्यानाकर्षण गराए पनि समस्या समाधानका लागि अपेक्षित पहल नभएको उहाँको दावी छ।

चौधरीले पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' माथिसमेत पार्टीभित्रको गुटगत राजनीतिलाई प्रश्रय दिएको आरोप लगाउनुभएको छ। यद्यपि, यी आरोपहरू चौधरीको व्यक्तिगत धारणा तथा दाबीका रूपमा आएका हुन्।आफ्नो करिब ३० वर्ष लामो राजनीतिक तथा सांगठनिक यात्राबारे चौधरीले मधेशमा माओवादी आन्दोलन र राजनीतिक परिवर्तनका लागि ठूलो त्याग र बलिदान भए पनि पुराना तथा निष्ठावान् नेता-कार्यकर्ताको उचित मूल्यांकन हुन नसकेको गुनासो गर्नुभएको छ।



उहाँले भन्नुभयो, "मधेशमा माओवादी आन्दोलन र परिवर्तनका लागि जुन अपार बलिदानी भयो, आज नेतृत्वले त्यसको कुनै मूल्य राखेन। पार्टी अध्यक्ष स्वयम् गुटमा रमाउनुभयो। मधेशका निष्ठावान् नेता तथा कार्यकर्ताहरूलाई जिम्मेवारीबाट वञ्चित गर्ने र निरन्तर अपमानित गर्ने काम भयो। माओवादीभित्र अब यो अपमान र बेथिति सहेर बस्न सक्ने अवस्था रहेन।"चौधरीले आफू मात्र नभई पार्टीका अन्य पुराना नेता तथा कार्यकर्तासमेत नेतृत्वको व्यवहार बाट असन्तुष्ट रहेको दाबी गर्नुभएको छ। उहाँले पार्टीभित्र देखिएका असन्तुष्टि र समस्याविरुद्ध आगामी दिनमा थप आवाज उठ्ने संकेतसमेत गर्नुभएको छ।

माओवादी 'जनयुद्ध' का कठिन दिनहरू स्मरण गर्दै चौधरीले राजनीतिक परिवर्तनका क्रममा आफूले जेलजीवनसमेत बिताएको र पार्टीको पूर्णकालीन कार्यकर्ताका रूपमा तीन दशकभन्दा बढी समय संगठनमा बिताएको बताउनुभएको छ।पछिल्लो समय आफ्नो कार्यक्षेत्र परिवर्तन गरिदिन नेतृत्वसमक्ष आग्रह गरे पनि त्यसको सुनुवाइ नभएपछि पार्टीसँग आफ्नो दूरी बढ्दै गएको उहाँको भनाइ छ।

पार्टीभित्र लामो समयदेखि योगदान गर्दै आएका पुराना तथा निष्ठावान् कार्यकर्तालाई उचित जिम्मेवारी र अवसर नदिई नयाँ आउनेहरूलाई प्राथमिकता दिइएको चौधरीको गुनासो छ।पार्टीमा लामो समयसम्म उचित भूमिका र मूल्यांकन नपाएको महसुस भएपछि आफूले अब कुनै पनि राजनीतिक दलको वैधानिक घेराभित्र नरही स्वतन्त्र रूपमा जीवन बिताउने निर्णय गरेको उहाँले बताउनुभएको छ।

# महोत्तरीको कुट्मेश्वरी पुल र रातु खोलामा .....

सुरक्षा तथा व्यवस्थापनका उपाय तत्काल अवलम्बन गरिने जानकारी दिनुभयो।

प्रशासनले जलेश्वर-जनकपुर सडकखण्ड हुँदै आवतजावत गर्ने यात्रु तथा सवारी चालकलाई यात्रा गर्नुअघि सडक र पुलको अवस्था बुझ्न आग्रह गरेको छ। पानीको बहाव बढेको अवस्थामा जोखिम मोलेर पुल वा सडक पार नगर्नसमेत अनुरोध गरिएको छ।

उता, जिल्लाको बर्दिबास नगरपालिका-९ पतलैयामा रातु खोलाको बाढी बस्ती नजिकसम्म पुगेपछि स्थानीयवासीमा त्रास बढेको छ। खोलाको बहाव थप बढ्न सक्ने सम्भावनालाई ध्यानमा राख्दै सुरक्षा निकाय तथा स्थानीयस्तरका टोलीलाई सम्भावित जोखिम क्षेत्रमा परिचालन गरिएको छ।

परिचालित टोलीले रातु खोलाको पानीको बहाव, बस्तीको अवस्था तथा सम्भावित जोखिम क्षेत्रको स्थलगत अनुगमन गरिरहेको छ। स्थानीयवासीलाई नदी तथा खोलाको किनारमा नजान, बालबालिका तथा ज्येष्ठ नागरिकलाई विशेष सावधानी अपनाउन र जोखिमको अवस्था देखिएमा सुरक्षित स्थानतर्फ जान आग्रह गरिएको छ।

कुट्मेश्वरी पुलमा सडक आवागमन प्रभावित हुनसक्ने अवस्था र पतलैयामा बाढी बस्ती नजिक पुगेको अवस्थासँगै जिल्लाका जोखिम क्षेत्रको निगरानी बढाइएको छ। अविरल वर्षाका कारण खोलानालामा पानीको बहाव थप बढ्नसक्ने सम्भावनालाई ध्यानमा राख्दै स्थानीय प्रशासन तथा सुरक्षा निकायले उच्च सतर्कता अपनाएका छन्।

प्रशासनले जिल्लावासीलाई मौसम तथा बाढीको अवस्थाबारे नियमित जानकारी लिन र जोखिमपूर्ण स्थानमा अनावश्यक आवतजावत नगर्न आग्रह गरेको छ।




# महोत्तरीको कुट्मेश्वरी पुल र रातु खोलामा बाढी, सडक र बस्ती जोखिममा

**खबर दर्पण समाचारदाता**

**असोज ११ गते, वर्दिवास**

महोत्तरीमा लगातारको वर्षासँगै खोलानालामा पानीको बहाव बढेपछि जलेश्वर-जनकपुर सडकखण्ड र बर्दिबास नगर पालिका-९ पतलैयाका बस्ती बाढीको जोखिममा परेका छन्। पिपरा-पर्सास्थित कुट्मेश्वरी पुल नजिक पानीको बहाव अत्यधिक बढेपछि सडकखण्डमा आवागमन जोखिमपूर्ण बनेको छ भने पतलैयामा रातु खोलाको बाढी बस्ती नजिकसम्म पुगेको छ।

कुट्मेश्वरी पुल आसपास पानीको सतह र बहाव बढेपछि सम्भावित जोखिमलाई मध्यनजर गर्दै हुलाकी सडक आयोजनाको टोलीले पुल तथा सडकखण्डको स्थलगत अनुगमन तीव्र पारेको छ। टोलीले सडक तथा पुलको अवस्थाबारे नियमित निगरानी गरिरहेको र अवस्था प्रतिकूल भए तत्काल आवश्यक व्यवस्थापन तथा मर्मतसम्बन्धी काम अघि बढाउने जनाएको छ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले कुट्मेश्वरी पुल आसपास पानीको बहाव बढेकाले सडक प्रयोगकर्तालाई विशेष सावधानी अपनाउन आग्रह गर्नुभएको छ। सडक अवरुद्ध हुनसक्ने वा आवागमनमा समस्या आउनसक्ने अवस्थालाई ध्यानमा राख्दै सम्बन्धित निकायलाई तयारी अवस्थामा रहन निर्देशन दिइएको उहाँले बताउनुभयो। पुल तथा सडकखण्डको अवस्था र पानीको बहाव निरन्तर निगरानीमा राखिएको बताउँदै प्रमुख जिल्ला अधिकारी यादवले अवस्था थप प्रतिकूल भए यात्रु तथा सवारीसाधनको सुरक्षालाई प्राथमिकतामा राखेर आवश्यक

बाँकी पृष्ठ ३ मा



"सत्य, तथ्य र जनताको आवाज"
खबर दर्पण
राष्ट्रिय दैनिक
सही सूचना सशक्त समाज
नौ वर्ष पूरा
9 वर्ष प्रकाशन यात्रा
दशौं वर्षमा प्रवेश
हार्दिक शुभकामना
सत्य खबर जनताको आवाज

खबर दर्पण राष्ट्रिय दैनिक आज नौ वर्षको प्रकाशन यात्रा पूरा गरी सफलताको दशौं वर्षमा प्रवेश गरेको छ। यो केवल एउटा पत्रिकाले अर्को वर्ष पूरा गरेको अवसर मात्र होइन, हाम्रो पत्रकारिता यात्रामा जोडिनुभएका हजारौं पाठक, शुभेच्छुक, विज्ञापनदाता, समाचारदाता, पत्रकार तथा सहयोगी हातहरूप्रति आभार व्यक्त गर्ने महत्वपूर्ण अवसर पनि हो।

यस अवसरमा विगत नौ वर्षमा हामीलाई साथ, सहयोग, सुझाव र विश्वास दिनुहुने सम्पूर्ण पाठक, लेखक, पत्रकार, समाचारदाता, विज्ञापनदाता, वितरक, शुभेच्छुक तथा सरोकारवाला सबैप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

नौ वर्ष पूरा भएको यस अवसरमा हामी विगतप्रति गर्व गर्दै भविष्यप्रति अझ जिम्मेवार बन्न चाहन्छौं। दशौं वर्षलाई केवल वार्षिकोत्सवको वर्ष होइन, पत्रकारिताको गुणस्तर, विश्वसनीयता र प्रभाव विस्तार गर्ने वर्षका रूपमा स्थापित गर्ने हाम्रो प्रतिबद्धता छ।

खबर दर्पणलाई विश्वास गर्नुहुने सम्पूर्ण पाठक नै हाम्रो शक्ति हुनुहुन्छ। तपाईहरूको विश्वासलाई अझ मजबुत बनाउँदै आगामी दिनमा पनि सत्य, तथ्य र जनताको आवाजको पक्षमा निरन्तर उभिइरहनेछौं।

नौ वर्षको साथका लागि धन्यवाद।
दशौं वर्षको यात्रामा पनि यही साथ र विश्वासको अपेक्षा गर्दछौं।

खबर दर्पण राष्ट्रिय दैनिक परिवार

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेश्रो पटक प्रकाशित मिति : २०८३ असोज १२ गते

यस कम्पनीको विशेष साधारणा समितिको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०८३।०६।०८ मा समेत स्वीकृति प्राप्त भई साविक कम्पनी कर्नर फुड पोइन्ट क्याफे एण्ड रेष्टुरेन्ट (प्रा. लि.) प्रा. ली. नं २६४२६० को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोनु पर्ने ऋण, धन, कर दायित्व आदि परिर्वतित नामको ए.जी.कलेक्सन प्रा. ली. अंग्रेजीमा A. G. Collection Pvt.Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

सफलताको १९ वर्ष पूरा
20 औं वर्षमा प्रवेश

बैंक स्थापनाको १९ वर्ष पूरा गरी २० औं वर्ष प्रवेश गरेको शुभ अवसरमा हामीलाई निरन्तर प्रेरणा, प्रोत्साहन र मार्गदर्शन प्रदान गर्नु हुने सम्पूर्ण ग्राहक महानुभावहरु, नियामक निकाय, सञ्चारजगत, कर्मचारी लगायत शुभेच्छुक महानुभावहरुमा हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछौं ।

यस शुभ अवसरमा हामी आगामी दिनमा अझ प्रतिस्पर्धी, गुणस्तरीय एवं नवीनतम् बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
'A' Class Institution Licensed by Nepal Rastra Bank
Central Office: Kamalpokhari, Kathmandu, Nepal,
+977 01-4523254, 01-4523432/3 & 01- 4523436, info@pcbl.com.np

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ बर्ष नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल
२४ सै घण्टा इमर्जेन्सी सेवा
Endoscopy/Diode Laser सेवा
बिभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
ICU, NICU, PICU सेवा
Laproscopy सेवा
24/7 Ambulance सेवा
X-Ray, USG, CT Scan सेवा
क्याबिनको स्पेनेट व्यवस्था भएको
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
044-550255
SHUBHA SWOSTIK HOSPITAL

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,